CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४५ पूर्णाङ्क

वि.सं. २०७९ श्रावण

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका







स्वस्तिश्रीगिरिराजेत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनाराय
णसाहदेवानांसदासमरविजयिनाम्· स्वस्तिश्रीवलीपंथकेप्रणामपूर्वकप
त्रमिदं· इहांकुसलतंहांकुशलक्षेमचाहियेजेहिनेपरमानन्दहोइ· पत्र आयो
अर्थमालुमभयो· आगेइहाकासमाचारभलोछ उप्रांत· इहाफर्पिङ हातभ
योपछि दिनपाचमहानेवाहार· पांगापनि हामिसंगमिल्या· उप्रान्त तांहां· का
भ्याकोटफुलवाहिनामतुका· दापचापनि हेराउ· जो हर्छन त नकन षेषवग
रौला· हेर्याकन निष्याइकन हेरन लाउ· उप्रान्त· इहा हामि दशैपछि लगते ने
पालकोवालिलुटछौं दिनछ्यसा क्रान्तिकवाछि इहांकोकाम सकौला· इहा
सक्रिमात्रैनेनालि र हामि काम गर्न्यांछौं· तांहांकोवालिय निनिगर्न्याकान्तिक
मापाकन्याछ· एतानिरसक्रिमात्रैतेताति र काम गौला· हामि एतातिरको
काम गर्छौं· दुइचार दिन तौलांही वस· उप्रांत· तेराघरकाकुराकनघर उजा



सार्कि २ कोस्ट २ ताके —— ४ं

वैसाषवदि ५ रोज श्रीप ५ — ५ का·
सवारीगोसाईस्थान हुंदा जना १५ केम
...यार्चवक्स· २१२·२॥· ताकेमोहर्‌ —— ३।॥·
मनवैरकेजना ४ के —— १०
सुवेदार चामुमडारिके —— २॥·
५ दिनधरके —— २॥·
५ धनवीरके —— २॥·
पोसाक्याराजवीरके —— २॥·

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटे गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३७ वर्ष

१ अङ्क

वि.सं. २०७९ श्रावण

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

मूल्य रु. ६००|-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१.	मेरो अनुभव	१-३
२.	चाबहिलको [शक]संवत् ४२१ को शिलालेख	४-२५
३.	Preliminary Studies of the Earliest Copper-Plate Inscription from Nepal	२६-४२
४.	*रणहार* र रणजित् मल्लको जन्मकुण्डली	४३-४४
५.	श्री ५ पृथ्वीनारायण शाहका २ अप्रकाशित पत्र	४५-४७
६.	Ruling Households at Rest and on the Move Notes on Servants, Goods, and Practices from a 1918 V.S. Bakas Document	४८-१५६
७.	*पूर्णिमा* ११३ अङ्कदेखि १४४ अङ्कसम्ममा छापिएका लेखको सूची	१५७-१६६

मुद्रक–
के. एम. प्रिन्टर्स
ताम्सीपाखा-१८, काठमाडौँ
मोबाइल नं. ९८५१०६६३२४

लेआउट गर्ने–
शर्मिला मल्ल कर्माचार्य
शोभाभगवतीमार्ग, काठमाडौँ
मोबाइल नं. ९८४१४२६१०२

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ५६७०३८०, ५३०१०२५
मोबाइल नं. ९८४९६३४५९१

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४५३५७४९
मोबाइल नं. ९८४९२२१६४२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेरो अनुभव

-नयराज पन्त

मैले पढाउने पेशा लिएको छु । पढ्नु पढाउनु लेख्नु लेखाउनुबाहेक मेरो विनोदको विषय पनि अरू छैन । यसभन्दा पनि अर्को मेरो आनन्दको विषय केही छ भने पढेका विषयलाई एकान्तमा बसी मनमा खेलाउनु नै छ ।

पढेको विषय विद्यार्थीहरूको मनमा खेलोस् भन्ने चेष्टा म सधैँ गर्दछु । परन्तु यस काममा आफूलाई बिलकुलै असफल भएको म सम्झन्छु । पढेको कुरा मनमा खेलाउने कुरा त परै जाओस्, पढेको कुरा कण्ठस्थ राख्ने प्रेरणा दिँदा पनि म धेरै विद्यार्थीको अप्रिय बनेको छु । त्यस्तो किन भयो भन्ने कुरालाई पनि मैले गम्भीरतासँग विचार गरेको छु ।

दुर्भाग्यले भनूँ वा सौभाग्यले भनूँ, संस्कृतभाषा मेरो अत्यन्त प्रिय विषय बन्न गएको छ । सो हुनाको कारण म आफ्नो देशको इतिहास, आफ्नो देशको गणित बुझ्न योभन्दा अर्को साधन मैले नपाउनु हो ।

सरकारिया संस्कृतपाठशाला तथा संस्कृतमहाविद्यालयमा पढाई मेरो जीवनवृत्ति चलेको छ । संस्कृत पढ्ने विद्यार्थीहरू अत्यन्त सीमित मात्रामा हुन्छन् । शासकवर्गको यस शिक्षाप्रति विशेष रुचि छैन । यसो भन्नाको अर्थ शासकवर्गले संस्कृतविद्याको लागि केही खर्च गरेका छैनन् भन्ने होइन । वास्तवमा शासकवर्गले दिएको दानले नै संस्कृतशिक्षा चलिरहेको छ । गरीब ब्राह्मणका छोराहरूलाई खान दिई शास्त्र पढ्न लगायो भने आफूलाई धर्म हुन्छ भन्ने विचार राणा प्रधानमन्त्री (श्री ३ महाराज)हरूको नभएको भए तीनधारा पाकशाला (संस्कृतछात्रावास) खडा हुन सक्तैनथ्यो । सो छात्रावास नभए संस्कृतपाठशाला महाविद्यालय खाली हुन्छन् भन्नु अत्युक्ति हुँदैन । प्रजातन्त्रपछि बनेका सरकारहरूले पनि संस्कृतमहाविद्यालय खोल्ने र त्यसलाई विशेष सुविधा दिने उदारता देखाएका छन् । यसको अर्थ शासकवर्ग आफ्ना सन्तानलाई संस्कृत पढाउँदैन भन्ने हो ।

राणापरिवारबाट संस्कृत पढ्न भनी एक जना विद्यार्थी संस्कृतपाठशालामा आएको मलाई थाहा छ, त्यो पनि बेरोलवाला परिवारबाट । त्यसो गर्दा विद्यार्थीका पिताले र विद्यार्थीले पनि आफ्ना परिवारको घोचाइ सुन्नुपरेको थियो भन्ने मैले सुनेको छु । गुरुपुरोहितका परिवारबाट संस्कृतपाठशालामा केही विद्यार्थी पढ्न आएका थिए । आजभोलि संस्कृतपाठशाला महाविद्यालयमा गुरुपुरोहितका परिवारहरूले पनि प्रवेश गरेको देखिँदैन । साहूमहाजनहरूले आफ्ना सन्तानलाई संस्कृत पढाए भन्ने देखिएको तथा सुनिएको पनि छैन । अर्थात् सम्पन्न परिवारको रुचि संस्कृतविद्यामा बिलकुलै छैन भन्ने कुरा स्पष्ट छ ।

संस्कृत तिनै पढ्छन्, जसलाई आफ्नो घरमा बसेर पढ्ने सुविधा हुँदैन । घरमा बसेर गृहस्थीको काममा जोतिनुसट्टा दुइ चार वर्षलाई खाने चामल घरबाट ल्याई जेनतेन गरेर बाहिर बसी पढी पछि छात्रावासमा भर्ना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भई सुबिस्तासँग केही पढी जीवनवृत्ति पाउँला भन्ने आशा भएको ब्राह्मणवर्ग नै संस्कृतशिक्षाको स्तम्भ भएर रहिरहेछ। यस्ता विद्यार्थीहरूमा जे गरेर भए पनि उदरज्वाला शान्त गर्नु नै ठूलो लक्ष्य रहने हुनाले जे गरेर हुन्छ जागीर चाँडै पाइयोस् भन्ने इच्छा रहनु स्वाभाविक हुन्छ। संस्कृत पढेर भन्दा अङ्ग्रेजी पढ्दा विशेष जागीर पाउन सुविधा हुने हुनाले छात्रावासका विद्यार्थीहरूलाई संस्कृतशिक्षा ओखती र अङ्ग्रेजी शिक्षा मिठाइ भइरहेछ। यस कारण छात्रावासका विद्यार्थीहरूलाई गणित पढाएर जीवनवृत्ति गरेको छु तापनि उनीहरूमा उच्च गणितको ज्ञान पैदा गराउन म सफल हुन सकेको छैन। अवश्य नै मलाई केही ग्रन्थ कण्ठस्थ आउने भएकोले परीक्षामा चाहिने जति ग्रन्थ हाट्हुट गरी सिक्न चाहने विद्यार्थीहरूले मेरो उपेक्षा पनि गर्न सकेका छैनन्।

संस्कृतभाषा राम्ररी आओस् र त्यसबाट मानिसहरू विचार गर्न सकून् भन्ने इच्छा मेरो अत्यन्त ठूलो छ। यसैले संस्कृतभाषाको पढाइमा मैले जोड दिएको छु। यही पढाइ चलाउने उद्योग गर्दा मैले धेरै आफन्तलाई परचक्री जस्तै बनाएको छु। यसको कारण पनि स्पष्ट छ। अलिकता नेपाली, अलिकता संस्कृत, अलिकता गणित पढाई अङ्ग्रेजी शिक्षामा हाल्दा चाँडै पढाइ चल्छ भन्ने विश्वास विशेष रूपले फैलिएको छ। यस कारण केही चतुरा मानिसहरूले आफ्ना सन्तानलाई मकहाँ पढ्न पठाए। संस्कृतभाषातिर मेरो एकोहोरो रुचिसँग उनीहरूलाई केही मतलब रहेनछ। मैले अघिबाटै स्पष्टसँग आफ्नो कुरा भनिदिएको थिएँ तापनि भन्ने कुरा एउटा, गर्ने कुरा एउटा हुन्छ भन्ने सम्झी उनीहरूले मबाट काम लिए। तर अलि पर पुगेपछि उद्देश्य फरक हुँदा छुट्टिनु स्वाभाविक थियो।

अहिले रहेका संशोधन-मण्डलका सदस्यहरू मेरो यही रुचिले बटुलिएका मनुष्य हुन्। यिनीहरूको योग्यता विभिन्न प्रकारको छ। कसैको योग्यता इतिहासको विषयमा मेरो जत्तिकै छ। कसैको धेरै तलको छ। संस्कृतभाषाको योग्यता कसैले मेरो जत्तिकै सम्पादन गरेका छन्। कसैले आफ्नो योग्यतालाई विशेष रूपमा बढाएका छैनन्। कच्चा उमेरका विद्यार्थीहरूले दुवैतिर आफ्नो योग्यता बढाउने पर्याप्त मौका छ। काम गर्दै गए उमेर पुगेकाले पनि बिस्तारैसँग आफ्नो योग्यता बढाउन सक्तछन्। गणितविषयमा भने मेरो कुरा बुझिदिने मानिस पनि मैले अहिलेसम्म तयार गर्न सकेको छैन तापनि यस विषयमा म कोशिश गर्दैछु।

हामीहरू मिली पत्रिका निकालौँ भन्ने इच्छा मैले अहिलेभन्दा १० वर्ष जतिअगाडि विद्यार्थीहरूसँग गरेथेँ। तर

उत्पद्यन्ते विलीयन्ते दरिद्राणां मनोरथाः।

(गरीबहरूको मनको लहड उठ्छन् पनि, बिलाउँछन् पनि।)

भने जस्तै त्यो कुरा त्यसै सेलाएर गयो। अहिले ११ वर्षसम्म *इतिहास-संशोधन*हरू प्रकाश गर्दै आएका, पाँचवटा पुस्तकहरू पनि प्रकाश गरिसकेका, अढाइ वर्षसम्म लगातार *अभिलेख-संग्रह* प्रकाश गर्दै आएका संशोधन-मण्डलका कार्यकर्ताहरूको मनमा हामी पनि काम गरौँ भन्ने भावनाले *पूर्णिमा*नामक इतिहास-प्रधान हस्तलिखित मासिक पत्रिका निकाल्ने इच्छा भएछ। यो कुरा उनीहरूले मसँग गरेका थिएनन्, आफू आफू मिली लेख पनि तयार गरेछन्। उनीहरूले कस्तो लेख तयार गरेका छन्, सो मैले हेरेको छैन। सो पत्रिकाका सम्पादक गौतमवज्र वज्राचार्यले सो पत्रिकाको लागि मसँग लेख मागेकाले मैले इतिहासविषयकै लेख लेख्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विचार गरेको थिएँ । तर ठीक उपकरण अहिले नपाउँदा र त्यस कामको लागि चाहिने उपकरण बटुल्न १०, ११ दिनको समय दिँदा छापाखानामा छापिन गइरहेको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*नामक पुस्तकको मुद्रणमा बाधा पर्ने देखिएकोले मेरो मनमा खेलिरहेको तथा संशोधन-मण्डलका सदस्यहरूलाई मैले धेरैबाजि सुनाएको यस विचारलाई लिपिबद्ध गराएको छु । यसमा संशोधन-मण्डलका सदस्यहरूले गम्भीरतासँग विचार गर्नु आवश्यक छ । संस्कृत नपढी टप्पर्टुय्याँ वृत्तिका भरमा नेपालको इतिहास लेखी भुँडी भर्न पल्केका छट्टूहरू सच्चा विद्याका कस्ता बाधक हुन्छन् भन्ने कुरा **मेरो बुद्धि कुटिल छ, म चाणक्य हुँ** भन्ने अखबारमा छपाई मानिसलाई तर्साई संशोधन-मण्डललाई संशोधनको कामबाट विचलित गराउन कस्तो प्रयत्न गरिरहेछन् तथा उनीहरूका गोलका मनुष्यहरूले संशोधन-मण्डललाई उठ्न नदिन कस्तो काम गरिरहेछन् भन्ने कुरा उमेर पुगेका संशोधन-मण्डलका सदस्यहरूलाई मैले बुझाउनुपर्ने होइन । आफ्नो गृहस्थीको भार आफ्नो टाउकोमा परेका तथा पर्न लागेका संशोधन-मण्डलका सदस्यहरूले मेरो विचारधारालाई राम्ररी बुझ्नुपर्छ तथा यसअनुसार चल्न आँटेपछि यस्तो काम कसरी चल्दछ भन्ने कुरामा पनि गम्भीरतापूर्वक विचार गर्नुपर्छ । मैले त यस किसिमको पढाइ चलाउने र यस किसिमका पत्रिका चलाउने काम हामीले नगरे हामी विदेशीका कुटिल जालबाट उम्कन सक्तैनौँ भन्ने स्पष्ट सम्झेको छु । संशोधन-मण्डलका सदस्यहरूले यस विषयमा विचार गरून् र त्यसअनुसार काम गरून् भन्ने मेरो ठूलो इच्छा छ ।[१]

(वि.सं. २०२० श्रावणमा तयार भएको, संशोधन-मण्डलको हस्तलिखित, इतिहास-प्रधान मासिक पत्रिका *पूर्णिमा*को पहिलो लेख)

१. यस लेखको खेस्रा साफी गरिदिएकोमा नानी गौतमवज्र वज्राचार्य धन्यवादका पात्र छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाबहिलको [शक]संवत् ४२१ को शिलालेख✦

-महेशराज पन्त

हरेक शनिवार अभिलेखको खोजीको लागि संशोधन-मण्डलका हामीहरूले गर्ने गरेको यात्राको क्रममा चाबहिलमा पाइएको लिच्छविकालको यो शिलालेख भेट्टिएको थियो । वि.सं. २०२० मा *अभिलेख-संग्रह* ९ भाग (रामजी तेवारी आदि २०२०:१८)मा यस शिलालेखको पाठ छापियो । *अभिलेख-संग्रह*को यस भागका सम्पादकमा ४६ वर्ष नाघिसकेका रामजी तेवारी (वि.सं. १९७३-२०४०) र भरखर १७ वर्ष पुगेका नयनाथ पौडेल (वि.सं. २००२ मा जन्म)लगायत ४४ वर्ष पुग्न पुग्न आँटेका देवीप्रसाद भण्डारी (वि.सं. १९७६-२०५६), ४२ वर्ष पुग्न आँटेका भोलानाथ पौडेल (वि.सं. १९७८-२०६६), ३८ वर्ष भरखरै पुगेका शङ्करमान राजवंशी (वि.सं. १९८१-२०५६), ३१ वर्ष भरखरै कटेका धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१), २३ वर्ष नपुगेका गौतमवज्र वज्राचार्य (वि.सं. १९९७ मा जन्म) र १९ वर्ष नपुगेका महेशराज पन्त (वि.सं. २००१ मा जन्म) गरी आठ जना थिए। ३ वर्षसम्म लगातार चलेको *अभिलेख-संग्रह*को नीतिअनुसार यो शिलालेख छाप्दा यसको उल्था र व्याख्या नगरी सामान्य परिचय दिई मूलपाठ मात्र छपाइएको थियो । यस शिलालेखमा साल नदेखिई **माघवर्षे काले** लेखेर त्यसपछि महीना, पक्ष र तिथि दिइएकोले **यहाँ संवत् को अङ्क देखिंदैन, तर 'माघवर्षकाल' भन्ने उल्लेख भएको हुनाले गणनाद्वारा यसको आसन्न समय पत्ता लाउन सकिन्छ । यहाँको लिपि मानदेवको ताकाको छ** भनी त्यहाँ लेखिएको थियो (रामजी तेवारी आदि २०२०:१८) ।

चाबहिलको लिच्छविकालको यो शिलालेख छापिएपछि नेपालको प्राचीन इतिहासमा रुचि राख्नेहरूमा यसको निकै चर्चा भयो । यो शिलालेख खण्डित भएकोले सबै कुरा त स्पष्ट भएन, तर कुनै स्त्रीले *किन्नरीजातक*को चित्र भएको बुद्धको भवन बनाई ४५ मानिका (परिमाणविशेष) धान आयस्ता हुने खेत गूठी राखेको, सङ्घको भोजनको लागि र महामुनि (बुद्ध)को पूजाको लागि अर्को २८ मानिका आयस्ता हुने खेत गूठी राखेको, यस दानको पुण्यले गर्दा स्त्रीत्व छोडी पुरुष हुन पाऊँ भनी दात्रीले भनेकोचाहिँ स्पष्टसँग बुझियो ।

यो शिलालेख टुक्रिँदा त्यहाँ साल नदेखिई **माघवर्षे काले**, त्यसपछि महीना, पक्ष र तिथि मात्र देखिएको थियो तथा राजाको नाउँ पनि फुटी खालि उनको उपाधि मात्र बाँकी रहेको थियो । व्यवहारमा ज्यादा चलेको संवत् त्यस शिलालेखमा नदेखिई अहिले चलनचल्तीमा नभएको, बाह्रवर्षे बार्हस्पत्य संवत्सर मात्र बाँकी रहेकोले र राजाको नाउँ पनि नदेखिएकोले यो शिलालेख कहिलेको हो भन्ने निर्णय गर्न गाह्रो पऱ्यो ।

चाबहिलको यस शिलालेखको पाठ *अभिलेख-संग्रह*मा छापिएको २१ महीना हुँदा *गोरखापत्र*मा छापिएको पुरातत्त्वसम्बन्धी एउटा खबर (*काठमाडौं उपत्यकाको प्रथम पुरातात्विक*[१] *उत्खनन ...* २०२१:१२)तर्फ आपत्ति जनाएर संशोधन-मण्डलले उत्तिखेर जस्तो पुरातत्त्वविभागका निर्देशकलाई सम्बोधन गर्दै चिठी

✦ महेशराज पन्त २०७५, २०७५ क र २०७६ को परिष्कृत रूप ।

१. यहाँ जहाँ जहाँ यस्तो * चिह्न दिइएको छ, त्यसको अर्थ गल्ती जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पठायो । गत पौष २६ गते शनिवारको गोरखापत्रमा पुरातत्त्वविभागसम्बन्धी समाचारमा "चाबहिल स्तूपदेखि पश्चिम बुद्ध मूर्तिको अगाडिको ढुङ्गामा एउटा अप्रकाशित लिच्छवी* अभिलेखको* पत्ता लगाइएको कुरा पनि ज्ञात भएको छ" भनी छापिएको छ । गो.प.मा दिइएको उक्त हुलियासँग ठ्याक्क मिल्ने चाबहिलको लिच्छविकालको अभिलेख हाम्रो 'अभिलेख-संग्रह' ९ भागको १८ पृष्ठमा छापिसकेको छ । यस कारण सो अभिलेख पत्ता लाएको तथा पाठ पढेको श्रेय:को हकदार संशोधन-मण्डल छ भन्ने कुरा स्पष्ट छ । बाहिर प्रकाशित रूपमा यसको विरोध गर्नुभन्दा पहिले यहाँसँग यस विषयमा सोधपूछ गर्नु बढिया देखिएकोले यो पत्र लेख्दै छौं । पुरातत्त्वविभागले उक्त अभिलेख कसरी कुन आधारमा अप्रकाशित भनी प्रचार गराएको हो, यसको स्पष्टीकरण दिनुहुनेछ भन्ने हामीलाई आशा छ । अन्यथा 'सावधान-पत्र'द्वारा यसको विरोध गर्न हामी विवश हुनेछौं भनी वि.सं. २०२१ पूस २८ गते शनिवारको त्यस चिठीमा लेखिएको थियो । यो घटना हुनुभन्दा भ्ण्डै ८ वर्षअघि पनि पुरातत्त्वविभागबाट यस्तै काम भएकोले (*पुरातत्व* विभागको विज्ञप्ति* २०१३) त्यसको प्रतिवाद गर्न नयराज पन्त (वि.सं. १९७०-२०५९)का ३ जना प्रशिष्यका नाउँ हाली एउटा पर्चा छपाइएको थियो (मोहननाथ पाण्डे, गौतमवज्र वज्राचार्य र महेशराज पन्त २०१३) । त्यही घटना दोहरिएकोले प्रतिवादको पहिलो कदमको रूपमा संशोधन-मण्डलबाट त्यो चिठी लेखिएको थियो । संशोधन-मण्डलबाट जुन दिन यो चिठी गयो, त्यही दिन **पठाउनु भएको पत्राङ्क २०० मिति २०२१।९।२८ को पत्र प्राप्त भयो । पौष २६ गते शनिवारको *गोरखापत्र*मा प्रकाशित समाचारबारे लेख्नु भएको कुरा विदित भयो । उल्लिखित अभिलेख संशोधनमण्डलको ९ भागको १८ पृष्ठमा भएको कुरासँग हामी सहमत छौं र खेदपूर्वक "अप्रकाशित" भन्ने शब्दलाई फिर्ता लिंदै संशोधनमण्डलले समयमा नै सूचित गरेकोमा हार्दिक धन्यवाद दिन्छौं । यस्तै गरी भविष्यमा पनि सहयोगको आदानप्रदान हुंदै रहने छ भन्ने विश्वास छ** भन्ने चिठी पुरातत्त्वविभागका तात्कालिक फील्ड टेक्निसियन तारानन्द मिश्र (वि.सं. १९९२-२०७६)को नाउँबाट आयो ।[२]

यसपछि साढे ८ वर्ष बित्यो । वि.सं. २०३० मा धनवज्र वज्राचार्यको महत्तम कृति *लिच्छविकालका अभिलेख* छापिँदा चाबहिलको यस शिलालेखलाई सबभन्दा अगाडि राखियो (धनवज्र वज्राचार्य २०३०: १ संख्या) । त्यहाँ राजाको नाउँ फुटेको, खालि महीना, पक्ष र तिथि मात्र बाँकी रहेको र 'माघवर्ष काल' भन्ने अनौठो वर्षाङ्कनपद्धति भएकोले धनवज्र वज्राचार्यले तीन थरी तर्क गरी यसलाई पाइएसम्मका अभिलेखमध्ये सबभन्दा पुरानो भनी ठह्याए–

---

२. पुरातत्त्वविभागले यसरी खेद प्रकट गरे पनि *गोरखापत्र*मा छापिएको यही खबरमा **उपत्यकाको लामो इतिहासलाई टूची, नोली, भगवान*लाल, ईन्द्रजीत* सिल्वां* लेभी तथा जयसवाल* आदि विशिष्ट विद्वान*हरूले भग्नावशेष, शिलालेख, मन्दीर* मूर्ति र अन्य कागजातहरूका आधारमा प्रमाणित गर्न खोजेको भएतापनि व्यवहारिक* रूपमा पुरातात्विक* उत्खनन गरी उपत्यकाको इतिहासको कालक्रम छुट्याउने काम आजसम्म कसैद्वारा गरिएको थिएन** (*काठमाडौं उपत्यकाको प्रथम पुरातात्विक उत्खनन* ... २०२१:१)भनी लेखिएको देख्दा विदेशी अन्वेषकहरूको मात्र नाम लिई संशोधन-मण्डल र अरू नेपाली अन्वेषकहरूले गरेको कामको चर्चा नगरिएकोले स्वदेशी विद्वान्हरूको उपेक्षा गरेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१) **अहिलेसम्म पाइएका लिच्छविकालका अभिलेखमा संवत्सहितको पहिलो अभिलेख मानदेवको चाँगुको स्तम्भलेख हो । त्यसको लिपि र यसको लिपिको तुलना गरी हेर्दा यो अभिलेख चाँगुको स्तम्भलेखभन्दा अलि पुरानो देखिएको छ ।** (उही : ३)

२) **प्रचलित वंशावलीमा राजा वृषदेवको पालामा चाबहिलको चैत्य बनेको हो भन्ने वर्णन परेको छ । यस अभिलेखमा 'सङ्क्लिद्य सुचिरङ्कालम्भवनम्भवविच्छिदः* = धेरै कालसम्म कष्ट गरीकन चैत्य बनाइएको छ' भन्ने उल्लेख परेको छ । यताबाट निकै ठूलो चैत्य बनाइएको थियो भन्ने संकेत पाइन्छ । यस अभिलेखमा उल्लिखित चैत्य चाबहिलको प्रसिद्ध चैत्य नै हो भन्ने कुरा प्रसङ्ग विचार गर्दा थाहा पाइन्छ ।**

यताबाट यो अभिलेख वृषदेवको पालाको हो कि भन्ने मलाई लागेको छ । यसै हुँदा यो अभिलेख यहाँ सबभन्दा माथि राखिएको हो । (उही)

३) [...] **यसमा उल्लिखित *माघवर्षे काले आषाढशुदिव १०' यस वचनको आधारमा गणना गरी हेर्न सके यसको समय-निर्णय हुने सम्भावना छ । "माघवर्ष काल' आदि लेख्ने चलन मानदेव यता देखिएको छैन । यसबाट पनि यो अभिलेख मानदेवभन्दा केही अघिको हो भन्ने संकेत पाइन्छ ।** (उही)

आफूले लेखेको *लिच्छविकालका अभिलेख* आफ्ना गुरु नयराज पन्तलाई वि.सं. २०३० गुरुपूर्णिमाको दिन धनवज्र वज्राचार्यले दिएपछि त्यस पुस्तकका ठाउँठाउँमा पानाका किनारा नयराज पन्तका टिप्पणीले रङ्गिए । चाबहिलको यस शिलालेखको **माघवर्ष काल**को विषयमा **बृहत्संहिताको बृहस्पतिचाराध्यायमा २०, २१, १ श्लोक पठनीय छन्** भनी उनले लेखेको टिप्पणीबाट यो संवत् बार्हस्पत्य मानअनुसारको हो भन्ने उनको विचार देखिन्छ ।

वि.सं. २०३० मै हरिराम जोशी (वि.सं. १९९२ मा जन्म)को *नेपालको प्राचीन अभिलेख* छापियो । त्यहाँ मानदेवको पालाका जम्मै शिलालेख दिइसकेपछि अनुपरमको हाँडीगाउँको शिलास्तम्भलेख र मानदेवका नाति वसन्तदेवको [शक]संवत् ४२८ को शिलालेखको बीचमा यो शिलालेख राखिएको छ (हरिराम जोशी २०३०: २२ संख्या) । शकसंवत् ४२५ को पलाञ्चोकको शिलालेखमा लिच्छवि राजा मानदेवको प्रशस्तिमा **भट्टारकमहाराज** शब्दको प्रयोग भएको र त्यसभन्दा अगाडिका संवत् वा राजाको नाम भएका कुनै पनि अभिलेखमा त्यो प्रशस्ति नआएको हुनाले राजाको नाउँ फुटिसकेको भए पनि चाबहिलको यस शिलालेखमा भने त्यो प्रशस्ति हुँदा यसलाई मानदेवभन्दा अघिको हो भनी मान्न गाह्रै पर्छ, किनभने मानदेवका बाबुबाजेको समयमै त्यो प्रशस्ति चल्तीमा आइसकेको भए मानदेवको अन्तिम समयतिरको अभिलेखमा मात्र सो प्रशस्ति नआई उनको शासनको प्रारम्भदेखिकै अभिलेखमा उनको नामको अगाडि त्यसको प्रयोग हुनपर्ने हो, उल्टो, माथि चर्चित शकसंवत् ४२५ को अभिलेखपछिका धेरैजसो अभिलेखमा त्यस प्रशस्तिको प्रयोग भएको पाइन्छ, यस कारण चाबहिलको यो अभिलेख मानदेवको अन्तिम समयतिरको हो भनी सजिलैसँग भन्न सकिन्छ भन्ने तर्क हरिराम जोशीले गरेका छन् । यस शिलालेखमा आएको माघवर्षको उल्लेख यसभन्दा अघिका नेपालका र भारतका कुनै पनि अभिलेखमा नआएको कुरा पनि उनले उठाएका छन् (उही:६७-६८) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिच्छविकालका अभिलेखमध्ये सबभन्दा पुरानो कुन हो भनी विचार गर्ने प्रसङ्गमा शङ्करमान राजवंशीले चाबहिलको यस शिलालेखमा आएको **माघवर्ष काल**को विषयमा आफ्नो विचार ज्यौतिषशास्त्रको ढङ्गले वि.सं. २०३४ मा प्रकट गरे (शङ्करमान राजवंशी २०३१-२०३४:११३-११८)। सोह्रौँ शताब्दीका गणेश दैवज्ञको *ग्रहलाघव*, त्यही ताकाका मकरन्द भन्ने ज्योतिषीले आफ्नै नाउँमा रचेको ग्रन्थ र सत्रौँ शताब्दीका विश्वनाथको *मकरन्दसारणी*को आधारमा यो वर्षाङ्कनपद्धति बृहस्पतिको उदयको गणनाबाट गरिएको गुरुवर्ष हो भनी उनले त्यहाँ लेखे। यसै सिलसिलामा नेपालका पञ्चाङ्गमा वर्षफलप्रकरणमा गुरुवर्ष लेख्ने चलन अद्यापि चलेकै छ भनी वि.सं. १९६५ को पात्रोमा पौषवर्ष, वि.सं. १९६६ को पात्रोमा फाल्गुनवर्ष, वि.सं. २०१२ को र २०२४ को पात्रामा माघवर्ष लेखिएको उदाहरण उनले दिए। यो देख्दा गौरीशङ्कर हीराचन्द ओझा (वि.सं. १९२०-२००४)ले आफ्नो *भारतीय प्राचीन लिपिमाला* (१९७५)मा बाह्रवर्षे बार्हस्पत्य संवत्सर (१८७ पृ.)को प्रसङ्गमा वि.सं. १९७४ को पात्रोमा **वर्षनाम आश्विन** र वि.सं. १९७५ को पञ्चाङ्गमा **वर्षनाम कार्तिक** लेखिएको कुराको चर्चा गरी यी वर्षनाम बाह्रवर्षे बार्हस्पत्य संवत्सरकै हुन् भनी लेखेको कुराको सम्झना हुन्छ। चाबहिलको शिलालेखको समय आफ्नो ढङ्गले गणना गरेर वि.सं. ५५३ को हो भनी शङ्करमान राजवंशीले ठह्र्याए र यस शिलालेखको लिपि वसन्तदेवको समयको शिलालेखका लिपिसँग मिल्न आउँछ भनी उनले आफ्नो मत व्यक्त गरे। अनि, आजसम्म पाइएका लिच्छविकालका अभिलेखमा चाँगुको मानदेवको स्तम्भाभिलेखभन्दा पुरानो अर्को अभिलेख देखिन आएको छैन भनी उनले निष्कर्षमा लेखे।

वि.सं. २०४० मा छापिएको आफ्नो प्राचीन नेपालका उत्कीर्ण अभिलेखको १ ठेलीमा डिल्लीरमण रेग्मी (वि.सं. १९७०-२०५८)ले यो शिलालेख छपाउँदा मानदेवको पालाको [शक]संवत् ४१३ को शिलालेखभन्दा पछि र [शक]संवत् ४१९ को शिलालेखभन्दा अगाडि राखे (डिल्लीरमण रेग्मी २०४०:१२ संख्या)। यस शिलालेखमा आएको **माघवर्ष काल**को व्याख्या त्यही पुस्तकको तेस्रो ठेलीमा उनले गरेका छन् (उही २०४० ख:३१-३४)।

गुप्तसंवत् र बाह्रवर्षे बार्हस्पत्य संवत्सर दुवैमा मिति दिइएका, परिव्राजकवंशका महाराज हस्तीका र उनका उत्तराधिकारीको अभिलेख यस प्रसङ्गमा डिल्लीरमण रेग्मी सम्झन पुगेका छन् (उही: ३१-३२)। महाराज हस्तीका गुप्तसंवत् १५६ महावैशाखसंवत्सर कार्तिकशुक्लतृतीया (जोन फेथ्फुल फ्लीट १९४५:२१ संख्या), गुप्तसंवत् १६३ महाश्वयुजसंवत्सर चैत्रशुक्लद्वितीया (उही:२२ संख्या), गुप्तसंवत् १९१ महाचैत्रसंवत्सर माघकृष्णतृतीया (उही:२३ संख्या), उनकै पालाको महामाघसंवत्सर कार्तिक महीनाको १९ दिन (उही:२४ संख्या)का ताम्रपत्र र उनका छोरा महाराज संक्षोभको गुप्तसंवत् २०९ महाश्वयुजसंवत्सर चैत्रशुक्लत्रयोदशीको शिलास्तम्भलेख (उही:२५ संख्या) वि.सं. १९४५ मा जोन फेथ्फुल फ्लीट (वि.सं. १९०४-१९७३)ले गुप्त-अभिलेखसम्बन्धी आफ्नो पुस्तकमा छपाउँदा ती अभिलेखको कालमानको गणना र बाह्रवर्षे बार्हस्पत्य संवत्सरको विषयमा शङ्कर बालकृष्ण दीक्षित (वि.सं. १९१०-१९५५)को लेख त्यही पुस्तकको *इन्ट्रडक्शन्*मा तेस्रो परिशिष्टको रूपमा गाभेका छन्। तिनै दीक्षितद्वारा गणना गराएर र आफैँले पनि विवेचना गरी महीनाको नाउँबाट चलेको यो संवत् बाह्रवर्षे बार्हस्पत्य कालचक्र हो भनी फ्लीटले त्यहाँ सिद्ध गरेका छन् (उही:

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इन्ट्रडक्शन्, १०१-१२४) । शङ्कर बालकृष्ण दीक्षित र जोन फेथ्फुल फ्लीटका ती लेख शब्दान्तरमा पछि फ्लीटको नाउँमा छापिएको छ (१९४५ क) ।

बार्हस्पत्य संवत्सरको चर्चा गर्दा यस्ता अभिलेख ७ वटा छन् र तिनमा ६ वटा हस्तीको र एउटा संक्षोभको हुन् भनी डिल्लीरमण रेग्मीले लेखेका छन् । त्यस्ता अभिलेखको फेहरिस्त दिँदा जोन फेथ्फुल फ्लीटको गुप्त-अभिलेखसम्बन्धी सङ्ग्रहमा नपरेका ३ वटा थप अभिलेख अर्थात् गुप्तसंवत् १७० महाज्येष्ठसंवत्सर फाल्गुनशुक्लपञ्चमीको, हस्तीको नवग्राम भन्ने ठाउँको गुप्तसंवत् १९८ महाश्वयुजसंवत्सरको (यसमा महीना, पक्ष र तिथि फुटिसकेका छन्) र बेतुल भन्ने ठाउँको गुप्तसंवत् १९९ महामार्गसंवत्सर कार्तिक १० दिनको चर्चा उनले गरेका छन् (डिल्लीरमण रेग्मी २०४०ख:३१-३२), यी अभिलेख कहाँ छापिएका हुन् भन्ने कुरा भने उनले खुलाएका छैनन् । खोज्दै जाँदा तेस्रो अभिलेखको विषयमा थाहा भए पनि अघिल्ला २ अभिलेखको भने अत्तोपत्तो पाउन सकिएन ।

जोन फेथ्फुल फ्लीटको २४ संख्याको अभिलेखमा बार्हस्पत्य संवत्सर मात्र छ, गुप्तसंवत् छैन भन्ने हेक्का पनि नराखी सबैमा बार्हस्पत्य संवत्सर र गुप्तसंवत् छ भनी डिल्लीरमण रेग्मीले लेखेको मिल्दैन । जोन फेथ्फुल फ्लीटको पुस्तकबाट सार्दा उनले २५ सङ्ख्याको अभिलेखमा **कार्त्तिकमासशुक्लपक्षतृतीयायाम्** हुँदा हुँदै भ्रमवश **द थर्ड् अफ् लूनर् ब्राइट् फोर्ट्नाइट् अफ् द मन्थ् अफ् वैशाख** अर्थात् **वैशाख महीनाको शुक्लपक्षको तृतीया** र बेतुलको ताम्रपत्रको तिथि **चैत्रमासशुक्लपक्षत्रयोदश्याम्** हुँदा हुँदै ताम्रपत्रको तिथिमिति **चैत्र शुक्ल ३** भ्रमवश लेखेको कुरा यहाँनिर भन्नुपर्छ । द *हिस्टरिकल् क्वार्टर्लि* भन्ने पत्रिकामा ई.सं. १९६३ मा छापिएको, परमेश्वरीलाल गुप्त (वि.सं. १९७१-२०५८)को लेखबाट बार्हस्पत्य संवत्सरका तिथिमितिको गणना कहीं कहीं नमिलेको थाहा पाइने कुरा पनि उनले यहाँ लेखेका छन् (उही:३२) । परमेश्वरीलाल गुप्तको त्यो लेख मैले नभेट्टाएकोले यस विषयमा अहिले बढी बोल्न म सक्दिनँ ।

*बृहत्संहिता*मा र उत्पलले लेखेको त्यसको टीकामा बाह्रवर्षे बार्हस्पत्य संवत्सरको चर्चा गरेको कुरा डिल्लीरमण रेग्मीले लामो गरी लेखेका छन् । चाबहिलको यस शिलालेखको मितिको विषयमा शङ्करमान राजवंशीले लेखेको कुराको चर्चा गर्दा यस शिलालेखमा आएको जस्तो बाह्रबर्षे बार्हस्पत्य कालचक्र भारतका अभिलेखमा र *बृहत्संहिता*मा पनि भएको कुरा शङ्करमान राजवंशीलाई थाहा रहेनछ भनी उनले लेखेका छन् (उही:३२-३३) ।

चाबहिलको यस शिलालेखको मिति बार्हस्पत्य मानअनुसारको हो भनी शङ्करमान राजवंशीले नलेखेसम्म धनवज्र वज्राचार्यलाई यस पद्धतिको विषयमा कुनै ज्ञान थिएन भनी डिल्लीरमण रेग्मीले लेखेका कुरा (उही:३३)मा केही टिप्पणी गर्नुपर्छ । वि.सं. २०२० मा धनवज्र वज्राचार्यसमेत सम्पादक भई प्रकाशित *अभिलेख-संग्रह* ९ भागमा चाबहिलको यो शिलालेख छाप्दा **यहाँ संवत् को अङ्क देखिँदैन, तर 'माघवर्षकाल' भन्ने उल्लेख भएको हुनाले गणनाद्वारा यसको आसन्न समय पत्ता लाउन सकिन्छ** भनी लेखेकोबाट र त्यही कुरा उनको *लिच्छविकालका अभिलेख*मा पनि दोहऱ्याइएकोले पनि उनलाई बार्हस्पत्य संवत्सरको विषयमा थाहै नभएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

होइन भन्ने स्पष्ट हुन्छ। खालि, आफूमा ज्यौतिषशास्त्रको प्रामाणिक ज्ञान नहुँदा बार्हस्पत्य संवत्सरको विषयमा नलेखी उनी पन्छेको मात्र हो जस्तो मलाई लाग्छ।

चाबहिलको यस शिलालेखलाई वृषदेवको पालाको मान्ने हो भने, परिव्राजकवंशले शासन गरेको देशमा भन्दा पहिले बार्हस्पत्य मानको संवत्सरपद्धति नेपालमा चलेको थियो भनी मान्नुपर्छ, नेपालमा यो वर्षमान चलेपछि परिव्राजकवंशले त्यसको अनुसरण गऱ्यो भनी कल्पनासम्म पनि गर्न सकिन्न, यहाँ यस्तो वर्षमानको उदाहरण यो एउटा मात्र पाइएकोले यसको यहाँ प्रयोग परिव्राजकवंशको प्रभावमा मात्र गरिएको हो, चल्न भने सकेन, यसैले यसलाई म प्राचीनतम अभिलेख भनी मान्न सक्दिनँ, लिपिको आधारमा भन्ने हो भने यसलाई मानदेवदेखि वसन्तदेवको पालाभित्र राख्न सकिन्छ, त्यसैले मैले यस अभिलेखलाई १२ संख्यामा राखेको हुँ भनी डिल्लीरमण रेग्मीले लेखेका छन् (उही:३३-३४)।

ठाकुरप्रसाद वर्मा (वि.सं. १९९० मा जन्म)ले वि.सं. २०५१ मा लिच्छविकालका अभिलेखसङ्ग्रह छपाउँदा चाबहिलको यस शिलालेखलाई हरिराम जोशीले गरेको जस्तै तर्क गरी पलाञ्चोकको मानदेवको पालाको अभिलेखमा जस्तै यहाँ पनि **भट्टारकमहाराज** भन्ने पदवी आएकोले यसलाई मानदेवकै पालाको भनी ठहऱ्याएका छन् (ठाकुरप्रसाद वर्मा २०५१:१५)। यस पुस्तकमा मानदेवको पालाका जम्मै अभिलेख दिइसकेपछि चाबहिलको यो शिलालेख (२० संख्या) राखिएको छ र त्यसपछि पशुपतिको छत्रचण्डेश्वरको तिथिमिति नष्ट भइसकेको शिलालेख राखी अनि वसन्तदेवको पहिलो अभिलेख अर्थात् [शक]संवत् ४२८ को राखिएको छ।

अखिल भारतवर्षका अभिलेखसम्बन्धी विषय समेटी नेपालबाहिरबाट छापिने कृतिमा नेपालका अभिलेखको चर्चा हुँदै हुँदैन भने पनि हुन्छ। तर त्यसको अपवादमा वि.सं. २०५५ मा प्रकाशित रिचर्ड सालोमेनको भारतीय अभिलेखशास्त्रसम्बन्धी पुस्तक उभ्याउन सकिन्छ। त्यस पुस्तकमा बाह्रवर्षे बार्हस्पत्य कालचक्रको विषयमा लेख्दा **उत्तर, दक्षिण र पूर्व भारतसमेत विभिन्न प्रदेशका संस्कृत अभिलेखमा बाह्रवर्षे बार्हस्पत्य कालचक्रको आकलझुकल उल्लेख पाइन्छ** (१९७ पृ.बाट उल्था) भनी मूलमा लेखी **नेपालबाट पनि एउटा शङ्कास्पद उदाहरण पाइएको छ, डिल्लीरमण रेग्मी, *इन्स्क्रिप्शन्ज् अफ् एन्शेन्ट् नेपाल्* ३ ठेली, ३१-३२ पृ. (चाबहिलको अभिलेख) हेर्नू** (उहीबाट उल्था) भनी त्यसको टिप्पणीमा लेखिएको छ।

वि.सं. २०५६ मा पशुपति र पशुपतिवरपरका अभिलेख प्रकाशन गर्ने क्रममा गोविन्द टण्डन (वि.सं. २०१२ मा जन्म)ले चाबहिलको यो शिलालेख पशुपतिको पटाङ्गिनीको [शक]संवत् ३८९ को शिलालेखभन्दा अगाडि राखेकाले धनवज्र वज्राचार्यको मतको अनुसरण उनले गरेको स्पष्ट हुन्छ (गोविन्द टण्डन २०५६:१)।

चाबहिलको यस शिलालेखमा वर्णात्मक पद्धतिअनुसार **माघ** लेखी संवत्को अङ्क हालिएको हो भनी काशीनाथ तमोट (वि.सं. २००१ मा जन्म)ले वि.सं. २०६० मा लेखेको कुराको सम्झना पनि यस प्रसङ्गमा गर्नुपर्छ। खुलाएर भन्दा, म्+आ+घ्+अ मिली 'माघ' शब्द बनेकोले 'म्' पच्चीसौँ व्यञ्जन र 'घ्' चौथो व्यञ्जन भएकोले 'म्' भनेको २५ र 'घ्' भनेको ४ हुन्छ, वर्णाङ्कअनुसार 'अ'ले १०० र 'आ'ले २०० बुझाउने हुँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५+४+१००+२००=३२९ हुने हुनाले यो शिलालेख (शक)संवत् ३२९ को हो भन्ने अनौठो निष्कर्ष उनले निकालेका छन् ।

काशीनाथ तमोटको यो निष्कर्ष नमान्दा नमान्दै पनि वि.सं. २०२० देखि २०६० सम्मको ४० वर्षको अन्तरालमा यस शिलालेखको तिथि **१०** अर्थात् **दशमी** पढिँदै आएकोमा उनले त्यहाँ तिथिको अङ्क **१२** भएकोतर्फ औँल्याएकाले तिथि **द्वादशी** ठहरिन गयो । खुलाएर भन्दा, शून्यको प्रयोग गरी अङ्क लेख्ने पद्धति नचलेको त्यस जमानामा **१०** को अङ्क मात्र पढी त्यसपछिको **२** को अङ्क स्पष्ट देखिँदा देखिँदै पनि छोडिएको थियो ।

चाबहिलको यस शिलालेखको विषयमा गहिरो विचार गर्ने काम वि.सं. २०६५ मा दिवाकर आचार्य (वि.सं. २०२६ मा जन्म)बाट लिच्छविकालका पुराना उत्कीर्ण लेखबाट बौद्ध धर्मसम्बन्धी सूचना सङ्ग्रह गर्ने प्रसङ्गमा भयो (२०६५:२६-३५) ।

चाबहिलको यो शिलालेख वृषदेवको पालाको हो भन्ने धनवज्र वज्राचार्यको तर्क नमान्दा नमान्दै पनि यो शिलालेख कति पुरानो हो भन्ने विषयमा धनवज्र वज्राचार्यभन्दा त्यति पर दिवाकर आचार्य जान सकेका छैनन् (उही, २८-२९ पृ.) । यस शिलालेखमा तिथिमिति दिइसकेपछि **अस्यान्दिवसपूर्व्वायाम्** भन्ने जुन पद आएका छन्, ती पद मानदेवको पालाभन्दा पछिका अभिलेखमा नआएकाले यो अभिलेख मानदेवको पालाको वा यसभन्दा अगाडिको हुनुपर्छ भन्ने उनको एउटा तर्क छ (उही, २८ पृ.) ।

धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख* छापिएको १६ वर्ष नाघिसकेपछि मात्र प्रकाशमा आएको, [शक]संवत् ३८१ को खण्डित शिलालेख (श्यामसुन्दर राजवंशी २०४३:१-२)लाई दिवाकर आचार्यले मानदेवको पहिलो अभिलेख मानेका छन् । त्यस शिलालेखमा बार्हस्पत्य संवत्सरको चर्चा नआएकोले त्यस मितिभन्दा अगाडि कहाँ कहाँ माघवर्ष परेका छन् भनी वेङ्कटेश रामकृष्ण केतकर (वि.सं. १९१०-१९८७)ले तयार गरेको सारणी (१९८०)अनुसार गणना गर्दै जाँदा शकसंवत् ३७१, ३५९, ३४७ र ३३५ मा परेको देखिएकोले चाबहिलको यो शिलालेख यी ४ संवत्मध्ये कुनै एकको हुनुपर्छ भन्ने उनको तर्क छ (दिवाकर आचार्य २०६५:२९) ।

यस शिलालेखमा **भट्टारकमहाराजश्री** मात्र बाँकी रही राजाको नाउँ नष्ट भइसकेकोले ती राजा को हुन् भन्ने निर्णय गर्न दिवाकर आचार्यले गरेको प्रयासको चर्चा पनि यहाँनिर गर्नुपर्छ । मानदेवका बराजु वृषदेवको आसन्न समय ई.सं. ४१० (वि.सं. ४६७) मानेर शकसंवत् ४२५ को अभिलेखमा **भट्टारकमहाराजश्रीमानदेवस्य साग्रं वर्षशतमाज्ञापयतः सम्राड्गृहपतेस्पत्न्या विजयस्वामिन्या प्रतिष्ठापिता देवी भगवती विजयेश्वरी** आए जस्तै चाबहिलको यस शिलालेखमा पनि यस्तै कुरा आउनुपर्छ भन्ने ठानी **वृषदेवस्य साग्रं वर्षशतं समाज्ञापयतः चारुमत्या स्थापितो भगवान् महामुनिः** भनी खण्डित अंश भर्न उनी पुग्छन् (उही:३१-३२) । यसो गर्दा खालि राजाको नाउँ मात्र नदिई चारुमतीले बनाएको भनी प्रसिद्ध चाबहिलमा पाइएको यो शिलालेख पनि चारुमतीकै हो भन्ने उनको विचार देखिन्छ ।

दिवाकर आचार्यको यस लेखबाट चाबहिलको शिलालेखको पाठ एक ठाउँमा सच्चिएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ । *अभिलेख-संग्रह*देखि जहाँ जहाँ यस शिलालेखको पाठ छापिएको छ, त्यहाँ त्यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जातकाकीर्ण्णन्नाना (३ पङ्क्ति) भएकोमा मूल शिलालेखमा चाहिँ **जातकाकीर्ण्णङ्नाना** भएकोतर्फ उनले आँल्याएको ठीक छ (उही:३०)।

*लिच्छविकालको नेपाल*मा बौद्ध धर्मको अवस्थामा प्रकाश पार्ने यस शिलालेखमा चलनचल्तीमा भएका संवत्मा भन्दा फरक संवत्को प्रयोग भएको हुनाले र राजाको नाउँ पनि फुटिसकेकोले थरीथरीका विद्वान्ले यसको कालनिर्णयको लागि थरीथरीको ढङ्गले प्रयास गरे पनि त्यो खालि विद्याविलास मात्र हुन गयो भन्ने यतिसम्मका कुराबाट स्पष्ट हुनुपर्छ।

चाबहिलको लिच्छविकालको शिलालेखको एउटा खण्ड वि.सं. २०२० मा प्रकाशमा आए पनि त्यसको अर्को खण्ड भने वि.सं. २०७५ को हिउँदमा फेला परेको रहेछ। यो कुरा चारुमती बुद्धिष्ट मिशन नेपालका भिक्षु तपस्सी धम्म (वि.सं. २०२७ मा जन्म) मार्फत पाटन संयुक्त क्याम्पसको इतिहास तथा बौद्ध अध्ययनविभागकी लेक्चरर डा. जुनु बासुकला रञ्जितकार (वि.सं. २०३३ मा जन्म)ले यही पूस महीनाको आधाआधीतिर थाहा पाइछन् र उनीले मलाई खबर गरिन्। अनि हामी २ जना यो शिलालेख हेर्न जाने तयारीमा थियौँ। यत्तिकैमा बाहिरियालाई यो शिलालेख अहिलेको लागि नदेखाउने भएको छ भनी त्यहाँका प्रबन्धकहरूले निर्णय गरेका छन् भन्ने खबर आएकोले मन मोसेर बसिरहेको थिएँ।

चाबहिलको लिच्छविकालको शिलालेखको अर्को खण्ड पाइएको खबर *गोरखापत्र*मा जुन दिन छापियो (यलु जोशी २०७५:२), सञ्जोगको कुरा, त्यही दिन ५४ वर्षअगाडि चाबहिलको यस शिलालेखको पहिलो खण्ड पुरातत्त्वविभागले फेला पारेको भन्ने खबर त्यही अखबारमा छापिएको थियो (*काठमाडौं उपत्यकाको प्रथम पुरातात्विक* उत्खनन* २०२१)। **राष्ट्रिय अभिलेखालयको अभिलेख सङ्कलन कार्यक्रमअन्तर्गत पुरातत्त्वविद् प्रकाश दर्नालको नेतृत्वमा लिपिविद् श्यामसुन्दर राजवंशी तथा अन्वेषक कुलनाथ केसीको सक्रियतामा** अर्को खण्ड भेट्टाइएको रहेछ। **पहिलेको शिलाखण्डमा संवत् ४२१ (तदनुसार विसं ५५५ हुने) समेत स्पष्ट उल्लेख छ** भनी त्यहीँ लेखिएकोले पहिले भेट्टिएको शिलाखण्डमा **संवत् ४२१** नभएको हुँदा **भरखर भेटिएको शिलाखण्डमा** भन्नुपर्नेमा भ्रमवश **पहिलेको शिलाखण्डमा** भनी लेखिएको हुनुपर्छ भन्ने लाग्यो र यस शिलालेखको संवत्लाई प्रतिष्ठित सिद्धान्तअनुसार शकसंवत् मान्दा मान्दै पनि वि.सं.मा परिवर्तन गर्दा अलिकति गल्ती भएको देखिन गयो।

*गोरखापत्र*मा जुन दिन खबर छापियो, त्यही दिन दिउँसो जुनु र म चाबहिल गयौँ। चाबहिल अर्थात् थथुबहिलभित्र भेट्टाइएको यो शिलालेख बाहिर पेटीमा राखिएको रहेछ। त्यहाँको वज्रपाणिलोकेश्वर-संरक्षणसमितिका उपाध्यक्ष परमानन्द शाक्य (वि.सं. २०२२ मा जन्म)ले चाँजोपाँजो मिलाइदिएपछि म ढुङ्गैबाट अभिलेख पढ्न थालेँ र फोटो खिच्ने काम जुनुबाट भयो। २ घण्टा जतिभित्र हरेक पङ्क्तिबाट अलि अलि अंश पढ्ने काम गरियो।

नयाँ पाइएको खण्डको फोटो थरीथरीको ढङ्गले परमानन्द शाक्यले खिचेका रहेछन् र ती फोटो उनले ईमेलद्वारा मकहाँ पठाइदिए। त्यसपछि कम्प्युटरबाट हेरेर र यसको प्रिन्ट्आउट गरेर म पढ्न थालेँ। २ टुक्रा भएको यस शिलालेखका दुवै खण्ड जोड्दा पनि कहीँ कहीँ २ अक्षरदेखि आधा अक्षरसम्म नष्ट भइसकेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थाहा भयो । अझ, पहिलेपल्ट पहिलो खण्डको पाठ छापिँदा दायाँपट्टि सबभन्दा छेउमा रहेका एकाध अक्षर अहिले साबूत नभएका देखिन आयो । पछिल्लो पङ्क्तिमा दायाँपट्टि अन्त्यमा डेढ दर्जन जति अक्षर शिरोभाग अलिकति मात्र देखिने गरी फुटिसकेको स्पष्ट भयो ।

चाबहिलको यस शिलालेखको पहिलो खण्ड पाइएदेखिको एकसरो वृत्तान्त र अहिले पाइएको खण्डको वृत्तान्त पनि रोचक ढङ्गले काशीनाथ तमोटले लेखेको कुरा वि.सं. २०७५ माघ २ गते अन्लाइनमा पोस्ट गरियो । त्यहाँ दुवै खण्डका अलग अलग फोटो र दुवै खण्ड जोडेर पनि यस शिलालेखको फोटो दिइएको छ । चाबहिलको शिलालेखको पहिले भेट्टिएको खण्डमा देवताको नाउँ **महामुनि** लेखिएको र अहिले भेट्टिएको खण्डमा **विग्रहं शैलं** अर्थात् **शिलामूर्ति** (नयनाथ पौडेलले पढेको पाठ) लेखिएकोले महामुनिको शिलामूर्ति स्थापना गरिएको भन्ने प्रमाणित भयो, शिलालेखको यो खण्ड पाइनाले यस शिलालेखको समयको विषयमा पहिले अनुमान गरिएका केही कुरा गलत ठहरिए र केहीचाहिँ ठीक ठहरिए भनी तिनका उदाहरण पनि त्यस लेखमा दिइएका छन् । *लायक्* पाक्षिक पत्रिकाको वि.सं. २०७५ माघ १६-२९ गतेको अङ्क (काशीनाथ तमोट २०७५कः५, १०)मा पनि त्यही लेख केही फरक पारी नेपाली भाषामा उल्थासहित छापिएको छ ।

केही दिनको परिश्रमबाट यस शिलालेखको पाठ पूरा गरे पनि कहीँ कहीँ अक्षर त्यति स्पष्ट नभएकोले केही ठाउँमा अर्थसङ्गति अझै मिलाउन सकिरहेको थिइनँ । यसैबीचमा योगेश राज (वि.सं. २०२६ मा जन्म)सँग यस शिलालेखको विषयमा प्रसङ्गवश कुरा हुँदा आफूले पढेको पाठमा कहीँ कहीँ अर्थ नखुलेकोले सुधार गर्नुपर्ने ठाउँ अझ छ भनी मैले उनलाई भनेँ । उसो भए म पनि पाठतिर दृष्टि दिऊँ कि भनी उनले भन्दा यस शिलालेखको प्रतिच्छवि र मैले पढेको पाठ उनलाई दिएँ । म अड्केका ठाउँमध्ये उनको प्रयासबाट कहीँ कहीँ पाठ सच्चिएकोले उनलाई धन्यवाद छ ।

पहिले पाइएको खण्डमा अनुष्टुभ् छन्दका ६ श्लोक र अहिले पाइएको खण्डमा त्यही नै छन्दका ६ श्लोक छन् । आयताकार लामो ढुङ्गामा आधा श्लोक कुँदेपछि अर्को श्लोकार्ध थाल्नुभन्दा अगाडि केही ठाउँ छोडी एक पङ्क्तिमा दुइ श्लोक अट्टाउने गरी यो शिलालेख कुँदिएको रहेछ । छैटौँ पङ्क्तिमा बाह्रौँ श्लोक टुङ्गिएपछि दुइवटा दण्ड दिई त्यही पङ्क्तिमा गद्यमा संवत् दिई अरू थोक गद्यमै लेख्न थालिएको छ । सातौँ पङ्क्तिमा बायाँपट्टि निकै ठाउँ छोडी बीचबाट पूरा तिथिमिति दिई राजाको पदवीसहित लेखिएको छ र त्यहाँनिर अक्षर फुटेको छ ।

यस शिलालेखमा **बुद्ध**लाई बुझाउन **महर्षि** (२ श्लोकको ४ पाउ, १० श्लोकको ४ पाउ), **भवविच्छिद्** (५ श्लोकको २ पाउ), **महामुनि** (९ श्लोकको २ पाउ) र **विग्रहच्छिद्** (१० श्लोकको ४ पाउ) शब्दको प्रयोग भएको छ । त्यसै गरी, **बुद्ध हुनु** भन्नुपर्दा **बुद्धत्व** (१२ श्लोकको ३ पाउ) र **बुद्धसम्बन्धी** भन्नुपर्दा **सौगत** (६ श्लोकको ४ पाउ) शब्द लेखिएको छ । गौतम बुद्धलाई **महर्षि** शब्दले बुझाएको झट्ट हेर्दा अनौठो लागे पनि त्यस शब्दको प्रयोग अन्त पनि नभेट्टिने होइन ।[३]

---

३. उदाहरणको लागि,

श्रुत्वा महर्षेः स गृहप्रवेशं सत्कारहीनं च पुनःप्रयाणम् ।
चचाल चित्राभरणाम्बरस्रक् कल्पद्रुमो धूत इवानिलेन ।।

(सौन्दरनन्द ४।३१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महामुनि शब्दको प्रयोग खास गरी गौतम बुद्धको विशेषणको रूपमा हुने भए पनि **शाक्यमुनि**को प्रयोग संज्ञाको रूपमा भए जस्तै चाबहिलको अभिलेखमा **महामुनि** शब्द संज्ञाको रूपमा आउनु धेरै सम्भव छ, भरखरै प्रतिष्ठापित मूर्ति चिनाउन खास नाउँको प्रयोग गरिने हुनाले यहाँ **महामुनि** शब्दको प्रयोग संज्ञाकै रूपमा भएको हुनुपर्छ, यसैले **महामुनि**कै रूपमा चाबहिलमा प्रतिष्ठापित मूर्तिको पूजा गरिन्थ्यो, *महावस्तु*को दोस्रो *बहुबुद्धसूत्र*मा **महामुनि**लाई बुद्धमध्ये एक भनी मानिएको छ र *महावस्तु*कै *दशभूमिकखण्ड*को छन्दोबद्ध भागमा **शाक्यमुनि** शब्द एकपल्ट मात्र आएको र **महामुनि** शब्द भने १५ पल्ट आएको छ भनी दिवाकर आचार्यले लेखेका छन् (२०६५:२६-२७) । तर यस शिलालेखको अहिले पाइएको खण्डमा बुद्धलाई बुझाउन **महर्षि** शब्दको पनि २ पल्ट प्रयोग भएकोले यस विषयमा फेरि विचार गर्नुपर्छ जस्तो मलाई लाग्छ । *मञ्जुश्रीनामसङ्गीति*मा **महावैरोचन**, **बुद्ध** र **महामौनी** शब्दपछि **महामुनि** शब्द आएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ (*सुविशुद्धधर्मधातुज्ञान* १ श्लोक) । **ब्रह्मा** अर्थात् अहिलेको भाषामा **म्यानमार**को माण्डले शहरभन्दा दक्षिणपश्चिममा रहेको महामुनिनाउँको बौद्ध मन्दिरमा बुद्धको कुन रूपको मूर्ति छ भन्ने विषयमा बुझ्नु पनि यस सन्दर्भमा उपयुक्त होला ।

यस खण्डित शिलालेखको दोस्रो खण्ड नपाइँदै त्यसका केही अक्षर पहिलो खण्डसँगै देखिएको आधारमा अपूरो भाग पूरा गर्ने प्रयत्न दिवाकर आचार्यले कहीँ कहीँ गरेका छन् र उनको यो प्रयास कतै कतै सफल पनि छ । जस्तै, पहिलो श्लोक सिद्धिएपछि **दानशील** पहिलो खण्डसँगै देखिएकोमा **क्षमावीर्यध्यानप्रज्ञानिषेवणात्** कोष्ठमा थपी त्यो श्लोकार्ध उनले पूरा गरेका छन् (दिवाकर आचार्य २०६५:२९) । अहिले पाइएको खण्डमा त्यस श्लोकार्धका पाँचौँ र छैटौँ अक्षर नदेखिए पनि सातौँ अक्षर **ध्य** देखिई त्यसपछिको एउटा अक्षर नदेखिई अनि **व** मात्र देखिई त्यसको ईकार नदेखिएको र त्यसपछि **र्य्यप्रज्ञा** देखिँदा अब यसको पाठ पारमिताहरूका नाउँसम्म **दानशील[क्षमा]ध्य[ानव]ीर्य्यप्रज्ञा** भएकोले उनले कोष्ठमा पढेको पाठ धेरै अंशमा सत्य ठहर्छ, खालि उनले शास्त्रीय क्रमअनुसार कोष्ठमा पढेको पाठमा **वीर्यध्यान** भएकोमा वास्तव पाठ **ध्यानवीर्य्य** छ ।

(महर्षि घरमा पसेको र आदरसत्कार नभईकनै फेरि गएको सुनेर चित्रविचित्रका गहना, लुगा र माला लगाएका ती (नन्द) हावाले हल्लाएको कल्पवृक्ष जस्तै हल्लिए ।)

अथ प्रमादाच्च तमुज्जिहीर्षन्मत्वागमस्यैव च पात्रभूतम् ।
प्रव्राजयानन्द शमाय नन्दमित्यब्रवीन्मैत्रमना महर्षिः ॥

(उही ५।३४)

(अनि प्रमादबाट तिनको उद्धार गर्न खोज्दै, तिनलाई शास्त्रकै पात्र भएको ठानी मित्रताको मन भएका महर्षिले भन्नुभयो- हे आनन्द, शान्तिको लागि नन्दलाई जोगी बनाइदेऊ ।)

तस्मिन् विमोक्षाय कृतप्रतिज्ञे राजर्षिवंशप्रभवे महर्षौ ।
तत्रोपविष्टे प्रजहर्ष लोकस्तत्रास सद्धर्मरिपुस्तु मारः ॥

(*बुद्धचरित* १३।१)

(राजर्षिवंशमा जन्मेका, मोक्षका लागि प्रतिज्ञा गरेका ती महर्षि त्यहाँ बस्दा दुनियाँ खुशी भयो, सद्धर्मको शत्रु मार त्यहाँ तर्सियो ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पहिले पाइएको खण्डमा नभएको अंश भर्दै जाने प्रसङ्गमा दिवाकर आचार्यले दोस्रो श्लोकका तेस्रो र चौथो पाउ नभरे पनि चौथो पाउ **प्राप्तं ज्ञानमनुत्तमम्** हुन सक्ने कुरा तेस्रो श्लोक **सम्प्राप्यानुत्तमं ज्ञानं**बाट शुरू भएकोले अनुमान गरेका छन् (उही:३०) । तर त्यो श्लोकार्ध **षड्भिः सम्परिपूर्णाभिः पारमिद्भिर्म्महर्षिणा** भन्ने भएकोले अब अनुमानको जरूरत भएन ।

चाबहिलको यस शिलालेखमा **पारमिता**को ठाउँमा **पारमित्** लेखिएकोमा अब केही टिप्पणी गर्नुपरेको छ । **जातकाकीर्ण्णङ्गना** (५ श्लोकका ३-४ पाउ), **प्रेम्ना** (६ श्लोकको २ पाउ),[४] **कारितं विग्रहं शैलम्** (१० श्लोकको ३ पाउ) **विराग्य** (११ श्लोकको ३ पाउ) जस्ता अपाणिनीय रूपको प्रयोग यस शिलालेखमा भएकोले **वाच्, निश्, दिश्, प्रतिपद्, समिध्** र **सम्पद्**को पर्यायमा क्रमशः **वाचा, निशा, दिशा, प्रतिपदा, समिधा** र **सम्पदा** शब्द लोकमा चलेको देखेर[५] शब्दरचनाको प्रक्रिया नबुझी खालि रूप मात्र हेरी **पारमिता**को पर्यायमा **पारमित्** लेख्ने आँट यी पद्य रच्नेले छन्दोऽनुरोधले गरेको हो कि जस्तो मलाई लाग्छ ।

धेरै कालसम्म परिश्रम गरेर किन्नरीजातकका थरीथरीका चित्र भएको भवविच्छित्‌को भवन (५ श्लोक) भनी पहिले नै प्रकाशमा आएको खण्डबाट बुझिएको हो । *अभिलेख-संग्रह*लगायत जहाँ जहाँ यो शिलालेख छापियो, त्यहाँ त्यहाँ त्यस श्लोकपछिको पहिलो अक्षर **श्री** पढिएको थियो । तर त्यहाँ **श्री** अक्षर देखिनँ भनी दिवाकर आचार्यले लेखेका छन् (उही:३१) । पूरै अक्षर त्यहाँ नदेखिए पनि अक्षरको बायाँपट्टिको अलिकति भाग तल लगाइएको **र**समेत अहिले पनि देखिँदैछ । **श्री** पढिएको त्यस अक्षरको ईकारबाहेकको भाग देखिँदा खालि **श्र**को अर्थको कल्पना गर्न नसकिएकोले त्यसलाई **श्री** पढिएको थियो कि जस्तो मलाई अहिले लाग्छ । अहिले पाइएको खण्डमा **द्धया भक्तितश्चैव नित्यम्प्रेम्ना च गौरवात्** स्पष्ट देखिएकोले समग्र पाठ **श्रद्धया भक्तितश्चैव नित्यम्प्रेम्ना च गौरवात्** (६ श्लोकका १-२ पाउ) हुन्छ भनी भनिरहनु नपर्ला ।

बर्सेनि ४५ मानिका धान उब्जनी हुने खेत दिइयो (७ श्लोक) भनी पहिलो खण्डबाट बुझिएकोमा **चन्दन र माला चढाउनको लागि, तेल र धूपको लागि, बढारकुढार गर्न र लिपपोत गर्नको लागि** (**गन्धमाल्योपहारार्थन्तैलधूपार्थमेव च सम्मार्ज्जनोपलेपार्थं सदा ज्ञेयं मुमुक्षुभिः**) (८ श्लोक) त्यो खेत दिइएको कुरा अहिले पाइएको खण्डबाट स्पष्ट हुन्छ ।

सङ्घको भोजनको लागि र महामुनिको पूजाको लागि दात्रीले २८ मानिका आयस्ता हुने खेत दिएको कुरा (९ श्लोक) पहिलो खण्डबाट बुझिएकोले **धान्यस्य मानिकाः वर्षे वर्षेथ जायन्ते** भन्ने पद सातौँ श्लोकमा भए

---

४. **प्रेम्ना** यही रूप मानदेवको चाँगुको शिलास्तम्भलेखको ८ श्लोकको १ पाउमा पनि आएको छ–

प्रेम्ना पुत्रमुवाच साश्रुवदना यातः पिता ते दिवम्

(धनवज्र वज्राचार्य २०३०:२ संख्या)

५. **वष्टि भागुरिरल्लोपमवाप्योरुपसर्गयोः ।**
आपं चैव हलन्तानां यथा वाचा निशा दिशा ॥

(वैयाकरणनिकायमा प्रसिद्ध श्लोक)

(**भागुरि अव र अपि उपसर्गको अकारको लोप इच्छा गर्छन् । उनी हलन्त शब्दहरूको आप् पनि इच्छा गर्छन्- जस्तै वाचा निशा दिशा ।**)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जस्तै दशौँ श्लोकमा पनि यस्तै भाव हुनुपर्छ भनी दिवाकर आचार्यले लेखेका छन् (२०६५:३१)। **मातापित्रोर्हितार्थाय जगतोर्थाय सर्व्वदा कारितं विग्रहं शैलम्महर्षेर्व्विग्रहच्छिदः** (१० श्लोक) अर्थात् **सधैँ आमाबाबुको हितको लागि र जगत्को लागि महर्षि विग्रहच्छित्को शिलाको मूर्ति तिनीद्वारा बनाउन लगाइयो** भन्ने श्लोक अहिले भेट्टाइएको खण्डमा भएकोले अब अडकल गर्नुपर्ने भएन।

विचित्रको दानधर्म यहाँ गरेर जुन शुभ मलाई हुन्छ; त्यसद्वारा स्त्रीत्व छोडी, मैले पुरुषत्व पाई (११ श्लोक) भनी पहिलो खण्डमा लेखिएकोले पूरा वाक्य नआएको स्पष्ट छ। त्यसपछि त्यही खण्डमा **शोकक्काममया** मात्र देखिएको थियो। त्यसपछिको पहिलो अक्षर अरूले नपढे पनि दिवाकर आचार्यले **त्प** पढी *अष्टसाहस्रिका*मा बोधिसत्त्वहरूलाई **उत्तीर्णपङ्काः** भनिएकोले त्यहाँसम्म **शोकक्काममयात्पङ्कात्** हुनुपर्छ भन्ने उनको जिकिर छ (२०६५:३१)। त्यस श्लोकमा **शोकक्काममया**पछि ४ अक्षर पढ्न सकिँदैनन्। त्यसपछि अहिले पाइएको खण्डमा **दुःखमहार्ण्णवात् बुद्धत्वम्प्राप्य तेनाहन्तारयेयम्प्रजामिमाम्** (१२ श्लोक) भएकोले दिवाकर आचार्यले गरेको पदपूर्तिको पुष्टि भएको छ।

पहिलो खण्डबाट बार्हस्पत्यसंवत्सर, महीना, पक्ष, तिथि र राजाको पदवी थाहा पाइएकोमा अहिले पाइएको खण्डबाट बढी चलनचल्तीमा भएको संवत्को अङ्क, बार्हस्पत्य संवत्सरको अगाडि महीनाको नाउँमा अक्सर अगाडि जोडिने **महा** र राजाको नाउँको उत्तरपद अर्थात् **देव** स्पष्ट भएको छ। यहाँको [शक]संवत् ४२१ भएको र मानदेवले [शक]संवत् ४२७ सम्म राज्य गरिरहेको अरू तात्कालिक शिलालेखबाट थाहा भएकोले (धनवज्र वज्राचार्य २०३०: १९-२० संख्या) चाबहिलको यस शिलालेखमा राजाको नाउँ फुटी नाउँमा जोडिने **देव** मात्र बाँकी रहन गए पनि यी राजा मानदेव नै हुन् भनी ठोकेर भन्न नसकिने होइन।

बाह्रवर्षे बार्हस्पत्य संवत्सरमा वर्ष लेख्दा महीनाको नाउँअगाडि **महा** जोड्ने नियम भए पनि ईसवी संवत्को पाँचौँ शताब्दीको मध्यतिरका कदम्बवंशका २ अभिलेखमा महीनाको अगाडि **महा** नजोडिएको र चाबहिलको अभिलेखमा पनि महीनाको अगाडि **महा** नजोडिएकोले यसको लेखाइ कदम्बवंशको नजीक छ भनी दिवाकर आचार्यले लेखेको (२०६५:२८) शिलालेखको यो खण्ड नभेट्टिएसम्म यो अनुमान ठीकै जँच्दथ्यो। तर अहिले भेट्टाइएको खण्डमा छैटौँ पङ्क्तिको पुछारमा **महा** देखिएकोले सातौँ पङ्क्तिको शुरूमा आएको **माघवर्षे**सँग त्यसको मिलान हुन्छ भनी भनिरहनुपर्दैन।

उन्नाइसौँ शताब्दीमा रचिएका वंशावलीको आधारमा धनवज्र वज्राचार्यले चाबहिलमा पाइएको यस शिलालेखलाई त्यहीँकै प्रसिद्ध चैत्यसँग जोडेर यसको पहिले पाइएको खण्डमा आएको **भवनम्** (५ श्लोकको २ पाउ)को अर्थ **चैत्य** (धनवज्र वज्राचार्य २०३०:२) भनी गरे पनि **महर्षि विग्रहच्छित्को शिलाको मूर्ति तिनीद्वारा बनाउन लगाइयो** (१० श्लोकका ३-४ पाउ) भनी अहिले पाइएको खण्डमा लेखिएकोले शिलाको बुद्धमूर्ति बनाइएको कुरा स्पष्ट हुँदा चाबहिलको चैत्यसँग यस शिलालेखको कत्ति पनि सम्बन्ध छैन भनी निर्धक्क भन्न सकिन्छ। बरु, त्यतातिर पाइने बुद्धको कुनचाहिँ मूर्ति त्यस वेला बनाइएको हो भन्नेतर्फ खोजी गर्नु जरूरी छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनवज्र वज्राचार्यको नाउँ नलिए पनि उनको अर्थगराइको प्रभावमा परी डिल्लीरमण रेग्मीले यस शिलालेखको पहिलो खण्डमा आएको **भवनं**को अर्थ **दिस् स्ट्रक्चर्** अर्थात् **यो निर्माण** मात्र नगरी त्यसको व्याख्यामा **अब्भिअस्लि अ स्तूप अफ् दि इम्यान्सिपेटर्** (डिल्लीरमण रेग्मी २०४०क:८) अर्थात् **स्पष्टतः मुक्तिदाताको स्तूप** भनी लेखेको कुराको सम्झना सहसा हुन्छ ।

बार्हस्पत्य संवत्सरमा मिति दिइएको अभिलेख विशाल भारतमा पनि मलाई थाहा भएसम्म धेरै नै थोरै मात्र पाइएका छन् । बार्हस्पत्य संवत्सर र अर्को कुनै संवत् दुवैमा मिति दिइएको एक थरी, बार्हस्पत्य संवत्सर र कुनै राजाको राज्यवर्षमा मिति दिइएको अर्को थरी र खालि बार्हस्पत्य संवत्सरमा मात्र मिति दिइएको झन् अर्को थरी गरी ती अभिलेखलाई ३ भागमा बाँड्न सकिन्छ ।

तिनमध्ये बार्हस्पत्य संवत्सर र अर्को कुनै संवत् दुवैमा मिति दिइएका ७ वटा अभिलेख छन्–

१) **षट्पञ्चाशोत्तरेब्दशते गुप्तनृपराज्यभुक्तौ महावैशाखसंवत्सरे । कार्तिकमासशुक्लपक्षतृतीयायाम्** (जोन फेथ्फुल फ्लीट १९४५:२१ संख्या) = **गुप्त राजाको राज्यभोग १५६ मा, महावैशाखसंवत्सरमा, कार्तिक महीनाको शुक्लपक्षको तृतीयामा ।**

२) **त्रिषष्ट्युत्तरेब्दशते गुप्तनृपराज्यभुक्तौ महाश्वयुजसंवत्सरे चैत्रमासशुक्लपक्षद्वितीयायाम्** (उही:२२ संख्या) = **गुप्त राजाको राज्यभोग १६३ मा, महाश्वयुजसंवत्सरमा, चैत्र महीनाको शुक्लपक्षको द्वितीयामा ।**

३) **सम्वत्सरष[ते]ष्टषष्ट्युतरे महामाघसम्वत्सरे श्रावण(पञ्च)म्यां** (पृथ्वीकुमार अग्रवाल २०४०:५५ संख्या) = **[गुप्तसंवत्] १६८ मा, महामाघसंवत्सरमा, श्रावण ५ मा** । पहिलोपटक यो ताम्रपत्र छाप्ने बालचन्द्र जैन (२०३४:६२-६६)ले यसको संवत् **संवत्सर[श]ते सट्सष्ट्युत्तरे** (पृथ्वीकुमार अग्रवाल २०४० द्वारा उद्धृत) = **गुप्तसंवत् १६६** पढेका छन् । परमेश्वरीलाल गुप्त २०६५:१८५ मा रमेशले यस अभिलेखको संवत् **संवत्सरशतेष्टषष्ट्युत्तरे** पढेको चर्चा छ ।

४) **एकनवत्युत्तरेब्दशते गुप्तनृपराज्यभुक्तौ श्रीमति प्रवर्द्धमानमहाचैत्रसंवत्सरे माघमासबहुलपक्षतृतीयायाम्** (जोन फेथ्फुल फ्लीट १९४५:२३ संख्या) = **गुप्त राजाको राज्यभोग १९१ मा, बढिरहेको श्रीमहाचैत्रसंवत्सरमा, माघ महीनाको कृष्णपक्षको तृतीयामा ।**

५) **संवत्सरशते नवनवत्युत्तरे गुप्तनृपराज्यभुक्तौ महामार्गशीर्षसंवत्सरे कार्त्तिकमासदशम्यां संवत्सर १९९ महामार्गवर्षे कार्त्तिकदि १०** (हीरालाल १९६२-१९६३: २८४-२९०) = **गुप्त राजाको राज्यभोग १९९ मा, महामार्गशीर्ष-संवत्सरमा, कार्तिकको १० दिनमा ।**

६) **नवोत्तरेब्दशतद्वये गुप्तनृपराज्यभुक्तौ श्रीमति प्रवर्द्धमानविजयराज्ये महाश्वयुजसंवत्सरे चैत्रमासशुक्लपक्ष-त्रयोदश्याम्** (जोन फेथ्फुल फ्लीट १९४५:२५ संख्या) = **गुप्त राजाको राज्यभोग २०९ मा, बढिरहेको श्रीविजयराज्यमा, महाश्वयुजसंवत्सरमा, चैत्र महीनाको शुक्लपक्षको त्रयोदशीमा ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७) **आषाढसंवत्सरे चैत्रामावास्यायां [...] संवत्सरशतत्रये द्वाविङ्शे कार्तिकशुदि ५** (वासुदेव विष्णु मिराशी २०१२:१२० संख्या) = **आषाढसंवत्सरमा चैते औँसीमा । [चेदि]संवत् ३२२ मा, कार्तिकशुक्लपञ्चमीमा ।**

बार्हस्पत्य संवत्सर र कुनै राजाको राज्यवर्षमा मिति दिइएका ३ वटा अभिलेख छन्–

१) **राज्यसंवत्सरे पञ्चदशे भाद्रपदे कार्त्तिकस्य बहुलपञ्चम्यां सं १५ कार्तिकब ५** (वासुदेव विष्णु मिराशी २००१:३६-५०) = **राज्यसंवत् १५ मा, भाद्रपद[संवत्सर]मा, कार्तिकको कृष्णपञ्चमीमा, संवत् १५ मा, कार्तिकबदि ५ मा ।**

२) **आत्मनः राज्यस्य तृतीये वर्षे पौषे संवत्सरे कार्त्तिकमासबहुलपक्षे दशम्यां तिथौ उत्तराभद्रपदे नक्षत्रे** (जोन फेथ्फुल फ्लीट १९३५:३५-३७) = **आफूले राज्य गर्न थालेको तेस्रो वर्षमा, पौषसंवत्सरमा, कार्तिक महीनाको कृष्णपक्षमा, दशमी तिथिमा, उत्तरभद्रनक्षत्रमा ।**

३) **स्ववैजयिके अष्टमे वैशाखे संवत्सरे कार्त्तिकपौर्ण्णमास्याम्** (जोन फेथ्फुल फ्लीट १९३४:२४-२५) = **आफ्नो विजयराज्यको आठौँ [वर्ष]मा, वैशाखसंवत्सरमा, कार्तिकपूर्णिमामा ।**

खालि बार्हस्पत्य संवत्सरमा मात्र मिति दिइएका अभिलेख २ वटा मात्र छन्–

१) **महामाघे संवत्सरे कार्त्तिकमासदिवस १९** (जोन फेथ्फुल फ्लीट १९४५:२४ संख्या) = **महामाघसंवत्सरमा, कार्तिक महीनाको १९ दिनमा ।**

२) **महाश्वयुजसंवत्सरे माघमासपौर्ण्णमास्याम्** (जी.भी. श्रीनिवास राव १९९४-१९९५:४७-५२) = **महाश्वयुज-संवत्सरमा, माघ महीनाको पूर्णिमामा ।**

बार्हस्पत्य संवत्सर र अर्को एउटा संवत्मा मिति दिइएको चाबहिलको शिलालेखमा त्यो अर्को संवत् शकसंवत् भनी मानिएकोले त्यो संवत् ४२१ आषाढ महीनालाई वि.सं. मा परिवर्तित गर्दा ५५७ हुन जान्छ । भारतमा पाइएका बार्हस्पत्य संवत्सरको पहिलो अभिलेखमा गुप्तसंवत् १५६, दोस्रोमा १६३, तेस्रोमा १६८ र चौथोमा १९१ भएकोले तिनलाई वि.सं.मा बदल्दा क्रमशः ५३२, ५३९, ५४४ र ५६७ हुन जान्छ । यसैले अखिल भारतवर्षका अभिलेखलाई दृष्टिगत गर्दा चाबहिलको शिलालेख बार्हस्पत्य संवत्सरको प्रयोगको चौथो उदाहरण बन्न गएको छ ।

राजा जयवर्माको सालिकमा कुँदिएको अभिलेखलाई नगन्ने हो भने, राजा मानदेवको पालादेखि मात्र अनवरत रूपले अभिलेख पाइन्छन् । उनको पालाका वैष्णव, शैव, सौर र शाक्त सम्प्रदायका मात्र अभिलेख अहिलेसम्म पाइएका थिए । बौद्ध धर्मसँग सम्बद्ध चाबहिलको यस शिलालेखको समय निश्चित नभइरहेको अवस्थामा यो शिलालेख [शक]संवत् ४२१ तदनुसार वि.सं. ५५७ को हो भन्ने कुरा यसको हालै पाइएको खण्डबाट थाहा भएकोले प्राचीन कालदेखि नै यहाँ बौद्ध धर्म चलेको कुरा प्रामाणिक ढङ्गले सिद्ध भएको छ ।

शङ्करमान राजवंशीले र दिवाकर आचार्यले चाबहिलको शिलालेखमा पाइएको बार्हस्पत्य संवत्सरको गणना आआफ्ना ढङ्गले गरेको कामको बैठान अब यस शिलालेखको हालै भेट्टाइएको खण्डमा प्रचलित संवत् पनि भएकोले दुवै संवत्को मिलान गरी यसको गणना गर्नुपर्ने भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस शिलालेखका दुवै खण्ड जोडिएकोले यसको मूलपाठ र उल्था तल प्रकाश गरिन्छ। यसको पाठनिर्णयमा योगेश राज र दिवाकर आचार्यबाट कहीँ कहीँ मदत मिलेकोले दुवैलाई धन्यवाद छ।

मूलमा फुटिसकेका वा अस्पष्ट अक्षर र त्यसका अंश प्रसङ्ग मिलाई थप्दा यस्तो [ ] कोष्ठको प्रयोग गरिएको छ। उल्था स्पष्ट पार्न थपिएका शब्द पनि त्यस्तै कोष्ठभित्र राखिएका छन्। श्लोक गन्न सजिलो होओस् भनी हरेक श्लोकको अन्त्यमा यस्तो ( ) कोष्ठभित्र श्लोकसंख्या थपिएको छ। कुनै शब्दको अर्थ खुलाउन थपिएको शब्द पनि त्यस्तै कोष्ठभित्र राखिएको छ।

मूलपाठ

१ पङ्क्तिमा– **दुर्द्धरैरिन्द्रियैः कृत्स्ना वाह्यते यैरियम्प्रजा**
दासवत्तानि सन्धार्य्य कृपया परिपीड्य ता (१ श्लोक)
दानशील[क्षमा]ध्य[ानव]ीर्य्यप्रज्ञादिभिस्तथा
षड्भिः सम्परिपूर्णाभिः पारमिद्भिर्म्महर्षिणा (२ श्लोक)

२ पङ्क्तिमा– **सम्प्राप्यानुत्तरं ज्ञानं प्रजा दुःखात्प्रमोचिता**
प्रमोच्य सर्व्वदुःखेभ्यो योसौ शान्तम्पदङ्गतः (३ श्लोक)
मनोधरेह सन्धार्य्य चित्तन्दुर्द्धरमादितः
दुष्करैर्ब्बहुभिर्व्विघ्नैस्तैस्तैः सम्मोहनैर्भृशम् (४ श्लोक)

३ पङ्क्तिमा– **सच्छिद्य सुचिरङ्कालम्भवनम्भवविच्छिदः**
किन्नरीजातकाकीर्णङ्नानाचित्रविराजितम् (५ श्लोक)
श्रद्धया भक्तितश्चैव नित्यम्प्रेम्ना च गौरवात्
क्षेत्रेण सह सम्पन्नङ्कारयामास सौगतम् (६ श्लोक)

४ पङ्क्तिमा– **चत्वारिंशत्सपञ्चेह यत्र धान्यस्य मानिकाः**
वर्षे वर्षेथ जायन्ते क्षेत्रन्तत्तादृशन्ददौ (७ श्लोक)
[ग]न्धमाल्योपहारार्थन्तैलधूपार्त्थमेव च
सम्मार्ज्जनोपलेपार्त्थं सदा ज्ञेयं मुमुक्षुभिः (८ श्लोक)

५ पङ्क्तिमा– **भूयः सङ्घस्य भक्तार्थं पूजार्थञ्च महामुनेः**
क्षेत्रन्दत्तन्तया यत्र ह्यष्यविंशतिमानिकाः (९ श्लोक)
मातापित्रोर्हितार्त्थाय जगतोर्त्थाय सर्व्वदा
कारितं विग्रहं शैलम्महर्षेर्व्विग्रहच्छिदः (१० श्लोक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६ पङ्क्तिमा– विचित्रं देयधर्म्मम्मे कारयित्वेह यच्छुभम्
स्त्रीभावं हि विराग्याहं पुरुषत्वमवाप्य च (११ श्लोक)
शोकक्काममया[त्पङ्कात्सर्व्व]दुःखमहार्ण्णवात्
बुद्धत्वम्प्राप्य तेनाहन्तारयेयम्प्रजामिमाम् ।। (१२ श्लोक)
संवत् ४०० २० १ महा-

७ पङ्क्तिमा– माघवर्षे काले आषाढशुदिव १० २ अस्यान्दिवसपूर्व्वायाम्भट्टारकमहाराजश्र[ीमान]देवस्य साग्रं वर्षशतं [समाज्ञापयतो मनोधरया प्रतिष्ठापितो महामुनिः]

उल्था

कज्याउन गाह्रा जुन इन्द्रियद्वारा यी मानिस डोऱ्याइन्छन्; दासले जस्तै ती [इन्द्रिय] कब्जामा राखी तिनीहरूलाई (मानिसहरूलाई) कृपाले अँगालेर; राम्रोसँग परिपूर्ण दान, शील, क्षमा, ध्यान, वीर्य, प्रज्ञा आदि ६ पारमिताद्वारा त्यसरी अनुत्तर ज्ञान पाई महर्षिले मानिसहरूलाई दुःखबाट छुयउनुभयो। सबै दुःखबाट छुयएर जो उहाँ शान्त पदमा जानुभयो। (१-३ श्लोक)

कज्याउन गाह्रो चित्त शुरूदेखि कज्याएर; गर्न गाह्रा, मोह पार्ने, ती ती धेरै विघ्नद्वारा धेरै कालसम्म कष्ट गरी किन्नरीजातकले ढाकिएको, नाना थरी चित्रले सुहाएको भवविच्छित्को भवन मनोधराले यहाँ [बनाई] श्रद्धाले, भक्तिले, नित्य प्रेमले र गौरवले बुद्धको [भवनलाई] खेतले सम्पन्न गराइन्। (४-६ श्लोक)

वर्षवर्षमा जहाँ ४५ मानिका धान उब्जनी हुन्छ; त्यस्तो त्यो खेत चन्दन र माला चढाउनको लागि, तेल र धूपको लागि, बढारकुढार गर्न र लिपपोत गर्नको लागि [तिनीले] यहाँ दिइन् भनी मुमुक्षुहरूले सधैँ थाहा पाउनुपर्छ। (७-८ श्लोक)

फेरि, सङ्घको भोजनको लागि र महामुनिको पूजाको लागि तिनीले जहाँ २८ मानिका [उब्जनी हुने खेत] दिइन्। (९ श्लोक)

सधैँ आमाबाबुको हितको लागि र जगत्को लागि महर्षि विग्रहच्छित्को शिलाको मूर्ति [तिनीद्वारा] बनाउन लगाइयो। (१० श्लोक)

विचित्रको दानधर्म यहाँ गरेर जुन शुभ मलाई [हुन्छ; त्यसद्वारा] स्त्रीत्व छोडी, मैले पुरुषत्व पाई, सबै दुःखको महासागर भएको, शोक र कामबाट बनेको हिलोबाट बुद्धत्व पाएर त्यसद्वारा यी मानिसहरूलाई म तारुँला। (११-१२ श्लोक)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संवत् ४२१ महामाघवर्ष काल आषाढशुक्ल १२ यस दिन, सय वर्षभन्दा बढी [हुकूम चलाउने], भट्टारक महाराज श्री[मान]देवको पालामा [मनोधराद्वारा प्रतिष्ठा गरिएका महामुनि]।

यो लेख तयार पार्दा काम लिइएका साधनको तालिका

अश्वघोष *बुद्धचरित*

= ई.सं. १९३६ (वि.सं. १९९३)मा लाहुरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित; एड्वर्ड ह्यामिल्टन जोन्स्टनद्वारा सम्पादित र अनूदित *अश्वघोष'ज़् बुद्धचरित, अर् याक्ट्स् अफ्* द बुड्ह (अश्वघोषको *बुद्धचरित*)।

अश्वघोष *सौन्दरनन्द*

= ई.सं. १९२८ (वि.सं. १९८५)मा लाहुरबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित; एड्वर्ड ह्यामिल्टन जोन्स्टनद्वारा सम्पादित र अनूदित द *सौन्दरनन्द अफ् अश्वघोष* (अश्वघोषको *सौन्दरनन्द*)।

काठमाडौं उपत्यकाको प्रथम पुरातात्विक उत्खनन ... २०२१*

